जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३

**प्रस्तवाहरु.**

१। विगत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२। अपुग हुन आउने तलब(करार कर्मचारी) का सम्बन्धमा ।

३। अध्यक्षकोष बाट स्वीकृत योजना अनुमोदन सम्बन्धमा ।

४। महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहन भत्ता सम्बन्धमा ।

५। बर्थीङ्ग सेन्टरमा कार्यरत अ.न.मी हरुको प्रोत्साहन भत्ता सम्बन्धमा ।

६। आयुर्वेदमा नियुक्ति भएको कर्मचारी व्यवस्थापन र कार्यसंचालन सम्बन्धमा ।

७। दिपक विल्डर्स प्रा.ली.(प्रशासकीय भवनको गेट) को रकम भुक्तानी गर्ने सम्बन्धमा ।

८। विविध सम्बन्धमा ।

- प्रहरी प्रशासनलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा ।
- स्वयंसेवक शिक्षकहरुको तलब सम्बन्धमा ।
- वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन तथा भुक्तानी सम्बन्धमा।
- वडा नं. १ को मदरसा सँग स्पष्टिकरण माग सम्बन्धमा ।
- पोषाक सिलाई रकम माग सम्बन्धमा ।

**निर्णय तथा छलफलहरु**

**प्रस्ताव नं.१** को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको विगतमा भएको कार्यपालिका बैठकको समिक्षा गरियो ।

**प्रस्ताव नं.२** को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका तथा वडामा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको आ.व. २०८०/८१ को लागि अपुग हुन आउने तलब व्यवस्थापनको लागि बृहत छलफल गरी आगामी कार्यपालिका बैठकमा करार कर्मचारीको व्यवस्थापन गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

**प्रस्ताव नं.३** को बुँदा मा छलफल गर्दा जानकी गाउँपालिका अध्यक्ष विशेष कोष संचालन कार्यविधि, २०७७ अनुरुप मिति २०८०/०६/१० गते जानकी गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वयन व्यवस्थापन कार्य समितिको बसेको बैठकको तपशिलको योजनाहरु अध्यक्षकोषबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

- वडा नं. ६ को शेखापुर् गाउँ,कपासी गाउँ र डिठापुरको बाटो मर्मत ।(रु. ६०००००।०० भ्याट सहित)
- वडा नं. ४ सानो खजुरा र जानकी नगरमा ईट्टाको टुक्रा हाल्ने तथा बिछाउने कार्य ।(रु.५०००००।०० भ्याट सहित)
- वडा नं. ४ सहादत्तपुर गाउँको बाटोमा ईट्टाको टुक्रा बिछाउने काम ।(रु.५५००००।०० भ्याट सहित)

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- वडा नं. ५ को विभिन्न गाउँको बाटोमा ईट्टाको टुक्रा बिछाउने काम ।(रु.६०००००।०० भ्याट सहित)
- कार्यालय प्रयोजनको लागि वाईक खरिद वापतको रकम (रु.३१७०००।०० भ्याट सहित)
- जानकी मा वि र कन्या आ.वि.मा गेट पाले बस्ने भवन निर्माण (रु.८०००००।०० भ्याट सहित)
- गाउँ पालिकाको प्रशासकीय भवनको वाल बाउन्डरी प्राविधिक इष्टिमेट बमोजिमको रकम ।
- वडा नं. ६ गनापुर नयाँ वडा कार्यालय भवनको वाल बाउन्डरी र गेट निर्माण प्राविधिक इष्टिमेट बमोजिमको रकम ।
- गाउँपालिकाको कम्पाउन्ड वालको पुर्व देखि दक्षिण हुँदै फुलमायाको घर सम्मको बाटोमा ग्राबेल बिछाई मर्मत गरेको प्राविधिक इष्टिमेट बमोजिमको रकम ।

<u>प्रस्ताव नं.४</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा कार्यरत ८१ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गत वर्षको भुक्तानी गर्न बाकी रहेको प्रोत्साहन भत्ता रु.१००० को दरले कुल जम्मा ९,७२,०००/-(अक्षरेपी जम्मा नौ लाख बहतर हजार मात्र) प्रोत्साहन स्वरूप गाउँपालिकाको योजना नं. ७५ आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.५</u> को बुँदा मा कुनै पनि निर्णय हुन सकेन ।

<u>प्रस्ताव नं.६</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत आयुर्वेद शाखाको लागि छनौट भएकी कविराजलाई वडा नं.५ बेलहरीको सुत्केरी भवनमा व्यवस्थापन तथा सो शाखाको कार्यसंचालन खर्च पालिकाले भुक्तानी व्यहोर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.७</u> को बुँदा मा कुनै पनि निर्णय हुन सकेन ।

<u>प्रस्ताव नं.८</u> को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

- जानकी गाउँपालिका भित्रका वडा नं. १ देखि ६ सम्मका ईलाका प्रहरी चौकीहरु मध्ये वडा नं. ४ ईलाका प्रहरी चौकीलाई मासिक १५(पन्ध्र) लिटर र बाकी अन्य चौकीहरु र सीमा प्रहरीलाई ८(आठ) लिटरको दरले मासिक इन्धन दिने भनी निर्णय गरियो ।
- जानकी गाउँपालिकाको स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि,२०८० बमोजिम भर्ना भएका स्वयंसेवक शिक्षकहरुको तलब निजहरुको विद्यालयहरुको हाजिर प्रमाणितको आधारमा तलब पालिकामा हुने सेवा करारमा विनियोजित रकमबाट दिने निर्णय गरियो ।

- वातावरण तथा विपद व्यवस्थापन समितिको मितिः २०८०/०६/२२ गते बसेको बैठकको सबै निर्णयहरुलाई यस कार्यपालिका बैठकले अनुमोदन गर्दै सो विपद व्यवस्थापन समितिबाट निर्णय अनुसार पेश हुन आएको २० वटा निवेदनहरुको आधारमा रकमहरु विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ जोगा गाउँको मदरसा नुरे मोहम्मदी रहमानुल उलुममा बिगत लामो समय देखि कार्यरत अनुदान शिक्षिका श्री बबिता मिश्रालाई के कति कारण तथा कुन प्रक्रियाबाट मदरसाले निकालेको र वहाँले पाउनु पर्ने नियमानुसारको तलब,भत्ता नपाएको सो को चित्त बुझ्दो स्पष्टिकरण माग्ने साथै सो मदरसाका प्रधानाध्यापक कुन विधि,प्रक्रिया अनुसार नियुक्त भएको सो विधि,प्रक्रियाको सक्कल प्रमाण शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत मदरसा सँग माग्ने र सो समय अवधि सम्मको लागि उक्त मदरसाको खाता बन्द गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।
- नेपाल राष्ट्रिय कन्या आधारभूत विद्यालय,जानकी – ३ बाट चालु आ.व. मा छात्राहरुको पोषाक सिलाई वापतको माग रकम रु.६१,४२५/- को ५० प्रतिशन हुन आउने रकम निवेदन आएकोमा सो ५० प्रतिशत रकम गाउँपालिकाको विविध शिर्षकबाट दिने भनी निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३